**वैठकका प्रस्तावहरु :**

१.कोभिड संक्रमण तिव्र रुपमा फैलिइरहेका सन्दर्भमा बुटवल उपमहानगर क्षेत्रमा नेपाल सरकार मन्त्रीपरिषद्ले २०७८।१।६ मा गरेको निर्णय र DCCMC को २०७८।१।७ को निर्णय कार्यान्वयन सम्बन्धी ।

२.कोभिड संक्रमण रोकथामका लागि अनुगमन र सचेतना कार्यक्रम संचालन सम्बन्धी ।

३.CICT समुह परिचालन सम्बन्धी ।

४.एम्वुलेन्स व्यवस्थापन सम्बन्धी ।

५.२०७८।१।६ गते राती अन्दाजी १:३० बजेको समयमा फोहर वोक्ने सम्बन्धी साधन ट्र्याक्टरमा आगलागी भएको र २०७७ वैशाख ७ गते राती नगरप्रमुखको कार्यकक्षको भित्रपट्टीको कोठामा आगलागी भएको विषय ।

६.विविध ।

**निर्णय नं.१**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।१।६ को आदेश DCCMC को मिति २०७८।१।७ को निर्णय तथा कोभिड संक्रमण तिव्र रुपमा फैलिई रहेको विद्यमान अवस्था सम्बन्धमा छलपल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु, ट्युसन सेन्टर तथा तालिम केन्द्रहरुमा २०७८ वैशाख ९ गतेदेखि वैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभै नेपाल सरकारले यस अघि निर्धारण गरेको अन्य वैकल्पिक विधि अपनाई शैक्षिक गतिविधि संचालन गर्ने, कक्षा ८ लगायत नर्सरी देखि कक्षा १२ सम्मको सम्पूर्ण परीक्षा कार्यक्रम २०७८ वैशाख मसान्तसम्म स्थगन गर्ने ।

(ख) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटवजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सम्वत् २०७८ साल वैशाख मसान्तसम्म वन्द गर्ने ।

(ग) मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सम्वत् २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

(घ) एक पटकमा [redacted] पच्चीस जना भन्दा बढी हुन नदिने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको वीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक

पटक सावुन पानीले हात धुने र सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्वनिधत व्यवस्थापक वा सञ्चालकको हुने ।

(ङ) मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने ।

**निर्णय नं.२**

**प्रस्ताव नं.२ सम्बन्धमा देहाय बमोजिम गर्ने**

(क) मानिसहरु बढी जम्मा हुने मुख्य मुख्य ठाउँहरुमा नगर प्रहरी परिचालन गरी माइकिङ्ग गर्ने,

(ख) यस नगरका सबै जनप्रतिनिधि, टोलविकास संस्थाका अध्यक्ष, नगरभित्र कार्यरत सबै कर्मचारीहरु, सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत सबै शिक्षकहरुले २०७८ वैशाख ९ देखि १६ सम्म दिनमा कम्तीमा आधा घण्टा आ-आफ्नो बसोबास रहेको टोल वस्तीमा "खोई मास्क" अभियान संचालन गर्ने र कोभिड प्रोटोकल पालना गराउन सचेत गराउने अभियानमा स्वयंसेवी भावना साथ खटिन आब्हान गर्ने र यस्तो आब्हान संचार माध्यम (एफ.एम) बाट समेत गर्ने ।

**निर्णय नं.३**

Case investigation and contract Tracing कार्यलाई २०७८ वैशाख ९ गते देखि थप प्रभावकारी बनाउने र तिनवटै समुहलाई परिचालन गर्ने ।

**निर्णय नं.४**

कोभिड संक्रमण तिव्र रुपमा बढ्दै गैरहेको कारण संक्रमित विरामीलाई रुपन्देही जिल्ला स्थित अस्पतालमा पुर्‍याउन तत्काल सहयोग पुर्‍याउने नागरिक समाज रुपन्देहीसँग भएको सम्झौताको बुँदा नं. १ बमोजिम नगरले उक्त एम्वुलेन्स जुनसुकै बखत माग गर्न सक्ने र माग बमोजिम उपलब्ध गराउन अनुरोध गरी पत्राचार गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा उक्त घटनाको वारेमा छानविन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न ३ दिनको समय दिई नगरका प्रवक्ताको संयोजकत्वमा समिति गठन गर्ने । साथै उक्त विषय निकै गम्भीर भएकाले आजै रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूलाई घटनाको अनुसन्धान गरी दिन तथा सुरक्षा व्यवस्थामा थप सहयोग हुन समेत अनुरोध गरी पत्र पठाउने ।